"विकास सम्वृद्धि र सुशासन, डुडुवा गाउँपालिकाको अभियान"

डुडुवा गाउँपालिका

**१८ औ गाउँसभा**

**नीति कार्यक्रम र बजेट**

२०८२ आषाढ १० गते

नरेन्द्र कुमार चौधरी

गाउँपालिका, अध्यक्ष

एवं

१८ औं गाउँसभा-अध्यक्ष

डुडुवा गाउँपालिका

बनकट्टी-बाँके

# डुडुवा गाउँपालिकाको १८ औ गाउँसभामा प्रस्तुत
# आ.व. २०८२|०८३ को वार्षिक नीति कार्यक्रम र बजेट
# २०८२ आषाढ १० गते

गाउँपालिकाका उपाध्यक्ष ज्यू ।

गाउँसभाका सदस्य ज्यू हरु ।

गाउँसभाका सचिव ज्यू । पर्यवेक्षक एवं सल्लाहकार ज्यूहरु ।

एवं उपस्थित सम्पूर्ण अतिथि, कर्मचारी, पत्रकार एवं सुरक्षाकर्मी मित्रहरु ।

यस सम्मानित १८औं गाउँसभामा यहाँहरुको गरिमामय उपस्थितीको लागि हार्दिक धन्यवाद तथा स्वागत गर्दछु ।

सबैभन्दा पहिले म नेपालको विभिन्न लोकतान्त्रिक आन्दोलन र नेपालको राष्ट्रियता, स्वाधिनता र भौगोलिक अखण्डता रक्षाको लागी आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

जनताको संघर्ष र बलिदानीबाट प्राप्त यस संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका उपलब्धीलाई आम जनताको घरदैलो सम्म सहज, सरल र गुणस्तरीय रुपमा पुर्‍याउनका लागि हामीलाई यो स्थानमा पुर्याउने डुडुवा बासी जनताहरुको यो आकाक्षाँलाई पुरा गर्न हामी निरन्तर लागि रहेका छौं ।

मूलुक संघियतामा प्रबेश गरे सँगै २०७४ सालमा पहिलो पटक भएको स्थानिय तहको निर्वाचन मार्फत जनतालाई गाउँगाउँमा सिहंदरबार नारा मात्र होइन सेवा, सुविधा र अवसरमा समेत व्यवहारिक अनुभूति दिलाउने गरी गाउँगाउँमा मात्र होइन घरघरमा समेत सेवा, सुविधा र अवसर उपलब्ध गराउन हामी दिलोजान दिएर लागि पर्यौं । सिमित साधन श्रोत र असिमित जनचाहनाका बीच यस जनताको घरदैलोमा शिक्षा, स्वास्थ्य, कृषि पशु जस्ता जनताको जिवनसँग प्रत्यक्ष जोडिएका विषयहरुमा हामीले उल्लेख्य प्रगति हुने गरी कार्य गरेको र त्यो कार्य अन्य गाउँपालिका र जिल्लामा समेत अनुकरणीय र प्रशंसनीय रहेको हामीले देख्न र सुन्न पाइरहेका छौं । यो हाम्रो निम्ति पनि सुखद विषय हो । त्यो भन्दा महत्वपूर्ण विषय हाम्रा जनता डुडुवाबासी जसले हाम्रा कार्यक्रमहरुबाट प्रत्यक्ष लाभ पाउनु भयो। गरीबीको रेखामूनि रहेका जनताको ओठमा देखिएको हाँसो हाम्रो निम्ति गौरव र गर्वको विषय हो । ठुला ठुला आश्वासन भन्दा यस जनताको जिवनलाई छुने र उनीहरुको शिक्षा, स्वास्थ्य, कृषि व्यवसाय रोजगारी लगायत आयआर्जनको क्षेत्रमा प्रत्यक्ष परिवर्तन ल्याउने काम गरी देखाउने हाम्रो दोस्रो निती र कार्यक्रममा हामी बडी विश्वास गर्छौ र त्यसै अनुसारका कार्यक्रमहरु र बजेट विनियोजन गर्ने अभ्यास हामीले गर्दै आइरहेका छौं ।

अब मा चालु आ.ब. २०८२/०८३ को नीति, कार्यक्रम र बजेट लक्ष्य, उद्धेश्य, प्राथमिकता तथा आधारहरु निम्न अनुसार पेश गर्दछु ।

लक्ष्यः- डुडुवा गाउँपालिकाको स्रोत साधनहरुलाई समुचित सदुपयोग र परिचालन गरी कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, र रोजगारी मार्फत गरिबी न्युनिकरण गरी डुडुवाबासी जनतालाई आत्मनिर्भर, सबल, सक्षम, शिक्षित, सम्मानित र उन्नत जिवनयापन गर्ने सहयोगी कार्यक्रम  र बजेट तर्जूमा यसको लक्ष्य हुनेछ ।

**उद्धेश्यः**

- जनस्वास्थ्य सेवालाई आमनागरिकको पहुँच योग्य बनाउने ।
- पशुस्वास्थ्य लगायतका किसानमैत्री सेवाहरु सहज,सरल र निःशुल्क रुपमा जनताको घरदैलोमा उपलब्ध गराउने ।
- दिगो विकास मैत्री र विपत व्यवस्थापन हुने गरी बजेट तर्जुमा र कार्यान्वयन गर्ने ।
- लक्षित समूह विकास कार्यक्रम मार्फत महिला, बालबालिका ,जेष्ठ नागरिक, दलित, जनजाति,मधेशी,मुस्लिम, पिछाडवर्ग र सिमान्तकृत वर्गको सामाजिक सुरक्षा र सामाजिक न्याय सहितका कार्यक्रम मार्फत विकासका मूल प्रवाहमा समावेश गर्ने ।
- कृषि विकास , रोजगारमूलक/आयमूलक कार्यक्रम मार्फत बेरोजगारी र गरिबी न्यूनिकरण गर्ने ।
- व्यवसायिक, सिपमूलक र नैतिकतामा आधारित शिक्षा मार्फत ज्ञान सिपकला र साँस्कृतिको जगेर्ना गर्ने र दक्ष जिम्मेवार र अनुसाशित जनशक्तिको उत्पादन गर्ने ।
- सरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा स्थानिय विकासलाई दिगो वातावरण मैत्री र प्रभावकारी बनाउन साझेदारी र सहभागिता मूलक विकासमा जोड दिने ।

**यस नीति तथा कार्यक्रमका तर्जुमाका अधारहरु निम्न अनुसार छन् :**

- नेपालको संबिधान २०७२ का निर्देशक सिद्धान्त र नीतिहरु स्थानीय सरकार संचालन ऐन २०७४
- स्रोत अनुमान समिति र राजस्व परामर्श समितिको प्राथमिकता, नीति र बजेट सीमा
- बस्तीस्तर/वडास्तरका योजना छनौट
- विषयगत र अन्य समितिका निर्णय, सल्लाह र नीतिगत सुझाव
- संघिय सरकार/लुम्बिनी प्रदेश सरकारका बजेटको लक्ष्य, सीमा र प्राथमिकताहरु

अब म आगामी आ.व.२०८२।०८३ को यस गाउँपालिकाका महत्वपूर्ण नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**नीति तथा कार्यक्रम :**

**कृषि विकास कार्यक्रम तर्फ**

१.कृषि विकास कार्यक्रम अन्तर्गत बिउ प्रशोधन केन्द्रको संचालनबाट आ.ब. २०८१/०८२ मा १५ मेट्रिक टन विउ प्रसोधन गरी वितरण गरिएको र आ.ब. २०८२/०८३ मा सबै कृषकलाई पुग्ने गरी विउ प्रशोधन तथा विक्री वितरण गर्ने निती लिइएको छ ।

२.डुडुवा गाउपालिका तरकारी उत्पादनको पकेट क्षेत्र रहेको र जिल्लामा आपुर्ती हुने तरकारीको मुख्य हिस्सा डुडुवाबाट आपुर्ती हुने हुदा सीत भण्डार निर्माण बाट तरकारी तथा फलफुल भण्डारण गर्न स्थानीय कृषकको उत्पादन सस्तो मूल्यमा बिक्रि गर्नु पर्ने र स्टोरको लागि टाढा लैजादा कृषकको खर्च बढी हुने समस्या समाधान भई आफ्नो उत्पादन स्टोर गरि बढी मूल्यमा बिक्रि वितरण गर्न सकियोस भनि  वडा नं. ६ मा कोल्ड स्टोर निर्माण कार्यको ९०प्रतिसत निर्माण कार्य  भएको आ.ब.२०८२/०८३ मा सञ्चालनमा ल्याउने गरी कार्य भई रहेको ।

३.व्यवसायिक कृषि उत्पादन कार्यका लागि कृषि यन्त्र, कृषि उपकरण, उन्नत बिउविजन तथा किटनाषक बिषादी निःशुल्क वितरण कार्यलाई निरन्तरता दिइने ।

४.उन्नत बिउ उत्पादन कार्यक्रम संचालनबाट कृषकहरुले उत्पादन गरेको बिउ संकलन गरी बिक्री वितरण कार्यबाट आयआर्जन बृद्धि गर्ने लक्ष्य लिईएको।

५.खाद्यान्न बिउ उत्पादन कार्यक्रम अन्तरगत आ.ब.२०८१/०८२ मा धानको मूल बिउ कृषक/समूह/सहकारी मार्फत वितरण गरी उन्नत बिउ उत्पादन कार्यको क्षेत्र बिस्तार तथा उत्पादन कार्यमा नियमन गरी गुणस्तर बिउ उत्पादन गर्न कृषकहरुलाई प्राविधिक सेवा प्रदान गरिरएको र उक्त कार्यक्रम लाई निरन्तरता दिईएको ।

६. डुडुवा गाउँपालिका भित्रै बजारीकरणका लागि कृषि घुम्ती हाटबजारको व्यवस्थापन गरी घरघरमा तरकारीको पहुँच पुर्याउने र किसानहरुको आर्थिक जिवनस्तर उठाउने कार्यको थालनी गरिनेछ ।

**पशु स्वास्थ्य कार्यक्रम तर्फ**

१.घर-घरमा पशु स्वास्थ्य उपचार कार्यलाई निरन्तरता दिई सेवा दिईरहेको ।

२.नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम मार्फत सेवा दिईरहेको ।

३.पशुमा लाग्ने महामारी रोग नियन्त्रणका लागि विभिन्न खोप कार्यक्रम घरदैलोमा संचालन भई रहेको हुदा सो कार्यक्रमलाई निरन्तरता दिईएको ।

४.पशुको बाहय तथा आन्तरिक परिजिवि नियन्त्रण सेवा घरदैलोमा संचालन भई रहेको हुदा सो कार्यक्रमलाई निरन्तरता दिइएको ।

५.बाख्रापालन गर्ने कृषकहरुको लागि नश्ल सुधार गर्नका लागि बोका वितरण कार्यक्रमलाई निरन्तरता दिइएको ।

**स्वास्थ्य सेवा कार्यक्रम तर्फ**

१.डुडुवा गाउँपालिकाका वडा नं. २, ३, ५ र ६ मा स्वास्थ्य परिक्षण ल्याब संचालन गरी स्वास्थ्य सेवाको पहुच पुर्याउने कार्य भईरहेको साथै आ.ब. २०८२/०८३ मा थप वडामा ल्याब स्थापना गर्ने लक्ष्य लिइएको ।

२.जेष्ठ नागरिकसंग गाउँपालिका अध्यक्ष स्वास्थ्य कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकलाई निःशुल्क उपचार सेवा, निःशुल्क एम्बुलेन्स सेवा, निःशुल्क स्वास्थ्य विमा कार्यक्रम, निःशुल्क प्रयोगशाला जाँच सेवा संचालन भईरहेको तथा प्रभावकारी रुपमा निरन्तर संचालन गरिने ।

३.घर-घर स्वास्थ्य कार्यक्रम अन्तर्गत घरदैलोमा गई सबै समुदायका नागरिकहरुलाई निःशुल्क स्वास्थ्य जाच सेवा, दिर्घरोगको पहिचान, स्वास्थ्य कार्ड वितरण, स्वास्थ्य सम्बन्धि जनचेतना मुलक जानकारी गराउने तथा विभिन्न अभियानलाई निरन्तरता दिने ।

४.घर-घर स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क प्रयोगशाला जांच, ग्रामिण अल्ट्रासाउण्ड सेवा तथा  निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिएको छ ।

५.आयुर्वेद सेवा निःशुल्क रुपमा संचालन तथा निरन्तरता दिइने छ ।

६.बैकल्पिक स्वास्थ्य सेवा वडा नं. २ र ५ मा संचालन भई रहेको छ प्रभावकारितालाई मध्यनजर राख्दै अन्य वडामा विस्तार गरिने छ ।

७.स्वास्थ्य संस्थाको पूर्वाधार सुधारका लागि गाउँपालिकाको बजेटका अतिरिक्त संघ र प्रदेश सरकारको समन्वयमा स्वास्थ्य संस्थाका पूर्वाधार निर्माण गर्ने गरि आवश्यक पहल भईरहेको ।

८.डुडुवा गाउँपालिका वडा नं. ४ मा आँखा उपचार सेवा केन्द्र सञ्चालन गरिएको र आधुनिक उपकरण थप गरी सेवालाई प्रभावकारी तथा सर्वसुलभ बनाईने छ ।

९.स्वास्थ्य चौकी बेतहनीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नति गरि सञ्चालन गर्न आवश्यक पूर्वाधार पुरा गरिएको र यसै आ. ब.बाट ५ शैयाको अस्पताल सञ्चालन गर्न आवश्यक उपकरण जडान, औषधी व्यवस्थापन लगायतका कार्य सम्पन्न भएको र आ. ब. २०८२/०८३ देखि विषेशज्ञ सहितको स्वास्थ्य सेवा सुचारु गरि २४ घण्टा आक्समिक स्वास्थ्य सेवा सञ्चालन गर्ने लक्ष्य लिईएको छ।

१०. प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालनमा आई सके पश्चात सम्पूर्ण डुडुवा बासी जनताहरुलाई क्रमिक रुपमा निःशूल्क स्वास्थ्य बीमामा आबद्ध गराउँदै उपचार सेवाको पहुँच बृद्धि गर्ने लक्ष्य लिइएको छ ।

११. स्वास्थ्य क्षेत्रको खम्बाको रुपमा रहेका महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई पर्व खर्चको व्यवस्थापन गरिनेछ ।

**शिक्षा कार्यक्रम तर्फ**

१.बालविवाह न्यूनीकरण गर्ने र छोरीहरुलाई कम्तीमा पनि S E E सम्मको पढाई अनिवार्य गर्ने आकस्मिक दुर्घटना विमा सहितको कन्या मुद्धती शिक्षा योजनालाई निरन्तरता दिईएको छ ।
२.उच्चशिक्षा अध्ययनका लागि प्रोत्साहन गर्न S E E उत्तीर्ण छात्रालाई साईकल वितरण कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
३.संस्कार र नैतिक शिक्षा विकास गर्ने हेतु सहित राष्ट्र राष्ट्रियता र देश भक्तिले ओतप्रोत गराउने गरी गाउँपालिका स्तरिय पाठक्रम विकास निर्माण  कार्य भईरहेको ।
४.डुडुवा गाउँपालिका भित्रका योग्य नागरिकहरुलाई योग्यता अनुसारको सरकारी सेवा प्रवेशका लागि लोकसेवा तयारी कक्षा संचालन कार्यलाई निरन्तरता दिइएको छ ।
५.आर्थिक रुपमा कमजोर तथा जेहेन्दार बिद्यार्थीलाई उच्च शिक्षपढाईमा आवश्यक सहयोग गर्ने कार्यलाई आ. ब. २०८२/०८३ मा निरन्तरता दिइने । ।
६.बाल विकास केन्द्र मदरशा गुरुकुल गुरुनानक बिद्यालय तथा सामुदायिक बिद्यालयलाई गुणस्तरिय शिक्षा,भाषा संरक्षण र विकासमा जोड दिईनेछ।
७.बिद्यालय सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याईने ।
८.मा.वि., उच्च मा.वि मा प्रतिस्पर्धा सहितको शिक्षा तथा कार्य सम्पादन गरिने ।
९. शिक्षकहरुको क्षमता अभिबृद्धिका लागि आधारभूत तालिमको व्यवस्था गरिने ।
१०.डुडुवा गाउँपालिका वडा नं.२ रामनगर पाझामा कृषि क्याम्पस (कृषि र प्राविधिक धार) स्थापनाका लागी डी.पी.आर. सहित भौतिक पूर्वाधार निर्माणको कार्य अगाडी बढाइनेछ ।
११. रामनगर पाझास्थित प्राथमिक विद्यालय संचालन गरिनेछ ।

**सूचना तथा संचार**

१.संचार क्षेत्र प्रवर्द्धन कार्यक्रमको बजेट आकारमा वृद्धि गरी निरन्तरता दिएको छु ।
२.स्थानीय संचार माध्यमलाई प्राथमिकता दिइनेछ । आगामी आर्थिक वर्षमा पालिकाको आमसंचार नीति बनाइनेछ । त्यसका लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।
३.संचार क्षेत्रको संस्थागत विकास, नयाँ पत्रकार उत्पादन, पत्रकारहरुको क्षमता विकासका लागि कार्यशाला, अभिमुखीकरण, लेखनवृत्तिसंगै पालिकाको समग्रता (विकास र समृद्धि) झल्किने गरी पुस्तक प्रकाशनका लागि प्रबन्ध मिलाएको छु ।
४.गाउँपालिका तथा वडा कार्यालयको विभिन्न विज्ञापन, सूचनाहरु, लोककल्याणकारी सूचना स्थानीय स्तरमै प्रकाशनका लागि प्राथमिकता दिइनेछ ।
५. स्थानीय सरकारको तर्फबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको वातावरण कायम राखिराख्ने प्रतिबद्धता ब्यक्त गर्दछु ।

**संस्थागत विकास तर्फ**

१.गाउँपालिका अन्तर्गत वडा कार्यालय स्वास्थ्य चौकी तथा बिद्यालयहरुमा सि.सि.टि.भि.बाट निगरानी गरी आवश्यक निर्देशन दिने गरिएको ।

२.मठ, मन्दिर, मस्जिद, चर्च, गरूद्वाराको पूर्वाधार निर्माण गरी धार्मिक सदभाव कायम गरिने ।

३.राप्ति नदी किनारमा सव दाह गृह निर्माण कार्य सम्पन्न भई सेवा सुचारु रहेको ।

४.ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक जिवन निर्वाह भत्तालाई निरन्तरता दिइएको ।

५.भूमिहिन सुकुमवासी तथा आव्यवस्थित बसोवासीहरुको लगत संकलन कार्य वडा नं. २ ४ र ५ बाट सुरु गरिएको । आ. ब. २०८२/०८३ मा बाँकी वडामा लगत सङ्कलन कार्य गरिने ।

६.डुडुवा गाउँपालिकाको विकट मानिने रामनगर पाझा छिटाईपूर्वा पाझामा सडक संजाल र विद्युतिकरण मार्फत गाउँपालिकासंग जोडिएको ।

७. पर्यटकीय दृष्टिकोणले महत्व राख्ने डुडुवा गाउँपालिका वडा नं.२ रामनगर पाझामा खेल मैदान, पिकनिक स्पोट र होम स्टे निर्माण बाट पर्यटन विकासमा टेवा पुग्ने र स्थानीय जनतालाई रोजगारी सिर्जना हुन गई आय आर्जन वृद्धि हुने उदेश्यले एकिकृत विकास योजना सुरु गरिएको छ ।

८. डुडुवा गाउँपालिका वडा नं. १ टेपरीमा रिक्सा तथा मोटरसाइकल चलाउन मिल्ने गरी झोलुङ्गे पुल निर्माण कार्य यसै बर्य शुरु गरिने ।

९.जग्गा पहिचान कार्यक्रमलाई निरन्तरता दिईएको ।

१०.साँस्कृति प्रर्वद्धन तथा विपन्न सहायता कार्यक्रमलाई निरन्तरता दिईएको ।

११.नदीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा विक्री वितरण कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न नक्साङ्कन गरी सिमा छुट्याउने कार्य तत्काल गरिने ।

१२. विपदबाट प्रभावित व्यक्तिहरुलाई तत्काल उद्धार तथा राहतका लागि गाउँपालिकाका विभिन्न वडामा विभिन्न टोलमा रहेका सामूदायिक भवनलाई व्यवस्थित गर्न शौचालय बाउन्ड्री लगायतका संरचना बनाई व्यवस्थित गरिने छ ।

१३. छात्रछात्राहरुको बौद्धिक तथा व्यक्तित्व विकासका लागि अन्तर विद्यालय तथा मदरशा बिच प्रतिस्पर्धामा आधारित रचनात्मक कार्यक्रम मार्फत शैक्षिक गुणस्तर बृद्धि गरिने ।

१४. खानेपानी धाराको अत्याधिक माग आउने भएको हुँदा व्यवस्थित रुपमा नल्का धारा वितरण कार्य सञ्चालन गरिने ।

१५. फुसको छाना विस्थापित गर्ने नेपाल सरकारको निती अनुरुप गाउँपालिकाबाट अत्यावश्यक भएका व्यक्तिहरुलाई आवश्यकता पहिचान गरी सामाग्रीको व्यवस्थापन गर्ने निती लिइएको छ ।

१६. डुडुवाका आधा आकाश धान्ने महिलाहरु / गृहनीहरुको कार्यबोझ कम गर्न र स्वास्थ्यमा हुने समस्यालाई मध्यनजर गरी प्रती परिवार बिशेष प्याकेजको व्यवस्था गरिने छ ।

१७. नेपालको कानूनलाई स्थानिय भाषामा जानकारी गराउनका लागि डुडुवा गाउँपालिकाले प्रकाशन गरेको अवधी संविधानलाई दोस्रो संस्करण प्रकाशन गर्ने र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ लाई अवधी भाषामा अनुवाद गरि प्रकाशन गरिनेछ ।

**बन वातावरण र विपत व्यवस्थापन तर्फ**

१.वन वातावरण संरक्षण तथा विपत व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

२. नदि तथा खोलानालाको कटान रोक्नका लागि जैविक तटबन्ध निर्माण कार्यलाई उच्च प्राथमिकता दिइएको छ ।

३. डुडुवालाई स्वच्छ र हराभरा वातावरण संरक्षणका लागि घर तथा सार्वजनिक स्थानमा वृक्षारोपण कार्यलाई प्राथमिकता दिइनेछ ।

**लघु-उधम कार्यक्रम तर्फ**

१.सिप मूलक तालिम मार्फत आयआर्जन बृद्धि गर्ने आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरिएको ।

**खेलकुद विकास कार्यक्रम**

१.खेलकुदका माध्यमबाट व्यक्तिको मानसिक शारिरिक विकासका लागि विभिन्न खेलकुदहरुमा समूह तथा क्लब मार्फत खेल साम्रगी प्रदान गर्ने तथा छात्राहरुलाई आत्मरक्षाका लागि प्रोत्साहन गर्ने विद्यालय स्तरिय जूडो प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

अब म अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**आम्दानी तर्फ :** **(रु. लाखमा)**

| सि.नं. | श्रोत | प्रस्तावित आम्दानी | कैफियत |
|---|---|---|---|
| १ | संघिय सरकारको वित्तिय समानिकरण अनुदान | ११२२.०० | |
| २ | प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | ७४.१० | |
| ३ | संघिय सरकारको राजश्व वाडफाँड | १०९४.९८ | |
| ४ | प्रदेश राजस्व वाडफाँड | ०.०० | |
| ५ | आन्तरिक श्रोत | | |
| ६ | दहतर बहतर नदिजन्य | ३५०.०० | |
| ७ | भुमिकर र मालपोत | २४.०० | |
| ८ | घर वहाल कर | ५.०० | |
| ९ | सडक उपयोग दस्तुर | ४४.०० | |

| | | | |
|---|---|---|---|
| १० | सरकारी सम्पतीको बहाल बाट प्राप्त आम्दानी | ७५.०० | |
| ११ | अन्य श्रोत वाट प्राप्त रोयल्टी | ५.०० | |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | ५.०० | |
| १३ | सिफारिस दस्तुर | २४.०० | |
| १४ | व्यवसाय दस्तुर | ५.०० | |
| १५ | प्रशासनिक दण्ड जरिवाना | १०.०० | |
| १६ | अन्य आय /बेरुजु समेत | ४०.०० | |
| | **जम्मा** | ५८७.०० | |
| १ | सघिय सशर्त अनुदान चालु | २४२५.०० | |
| २ | सघिय समपुरक अनुदान | १००.०० | |
| ३ | विशेष अनुदान प्रदेश | १८.०० | |
| ४ | समपुरक अनुदान प्रदेश | ७५.०० | |
| ५ | प्रदेश ससर्त अनुदान | १२०.०० | |
| **जम्मा** | | **५६१६.०८** | |

आ.ब. २०८२।०८३ का लागी **अनुमानित** शिर्षकगत खर्च बिनियोजन (बजेट रु. लाखमा)

| सि.नं. | बिषयगत शिर्षक | प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १ | चालु तथा पुजीगत कार्यकम खर्च | २८७८.०८ | |
| २ | सघिय सशर्त अनुदान चालु | २४२५.०० | |
| ३ | सघिय समपुरक अनुदान | १००.०० | |
| ४ | विशेष अनुदान प्रदेश | १८.०० | |
| ५ | समपुरक अनुदान प्रदेश | ७५.०० | |
| ६ | प्रदेश ससर्त अनुदान | १२०.०० | |
| **कुल जम्मा** | | **५६१६.०८** | |

अन्तयमा डुडुवा गाउँपालिका यो निती तथा कार्यक्रम र निती तथा कार्यक्रमका लक्ष्य, उद्देश्य र कार्यक्रमहरुको सफलता र व्यवहारिक कार्यान्वयनले डुडुवाबासी जनताको आवश्यकतालाई सम्बोधन गर्ने र शिक्षा, स्वास्थ्य, कृषि, पशु व्यापारमा बृद्धि र महिला, बालबालिका, अपाङ्ग,अल्पसंख्यक लगायत सबै वर्ग र क्षेत्रका जनताको जिवनमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा मैले गरेको छु ।

त्यसैले महत्वकांक्षी भन्दा पनि व्यवहारिक र जनातले प्रत्यक्ष अनुभूत गर्ने र उनीहरुको जिवनमा परिवर्तन ल्याउने खालका निती तथा कार्यक्रमहरु तयार गरिएको यो सम्मानित

गाउँसभा समक्ष निबेदन गर्दछु । आफ्नो गाउँ, टोल, वडा र समग्र गाउँपालिकाको विकास निर्माणका लागि राजनिती र दाउपेच भन्दा माथि उठेर गाउँपालिकाको बृहत हितका लागि एकाकार भएर अघि बढन म यो गाउँसभा मार्फत सम्पूर्णमा अपिल गर्न चहान्छु । व्यक्तिगत राजनितिक कुण्ठाबाट माथि उठेर गरिब विपन्न जनताको ओठमा हाँसो र जिवनमा परिवर्तन ल्याउने दिशामा हातेमालो गरेर अघि बढन पनि म सबैमा अपील गर्दछु ।

यो निती तथा कार्यक्रम माथि सभासदस्यहरुको रचनात्मक र उपयोगी सल्लाह सुझावको अपेक्षा सहित बिदा हुन्छु ।

धन्यवाद् ।